## सामाजिक सुरक्षा भत्ता सम्बन्धी मेलम्ची नगरपालिकाको जरूरी सूचना

मेलम्ची नगरपालिकाका सम्पूर्ण वडाका रहेका जेष्ठ नागरिक, एकल तथा विधवा, अपाङ्गता भएका व्यक्ति र दलित बालबालिकाहरूले समयमा नै आफ्नो नाम दर्ता तथा नविकरण गर्नुहुन अनुरोध गरिन्छ साथै सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि (संसोधन सहित), २०७२ अनुसार तपसिल बमोजिम भत्ता प्राप्त गर्ने सुरू मिति गणना गरिने जानकारीका लागि अनुरोध छ ।

**तपसिल :-**

- जेष्ठ नागरिकको हकमा उमेर पुगेका पछिल्लो चौमासिक देखी,
- एकल तथा विधवाको हकमा सम्बन्ध विच्छेद वा पतिको मृत्यू दर्ता प्रमाण पत्र सहित दरखास्त दिएको पछिल्लो चौमासिक देखी,
- अपाङ्गता भएको व्यक्तिको हकमा अपाङ्गता परिचय पत्र सहित दरखास्त दिएको पछिल्लो चौमासिक देखी,
- ५ बर्ष मुनीका दलित बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्र सहित दरखास्त दिएको पछिल्लो चौमासिक देखी,

साथै दलित बालबालिका जन्म भएको ३५ दिनभित्र जन्म दर्ता गराई नेपाल सरकारबाट उपलब्ध गराईने रू १,०००। प्रोत्साहन भत्ता सम्बन्धित वडा कार्यालयबाट बुझ्नु हन समेत सूचित गरिन्छ ।

अन्य जानकारीका लागि मेलम्ची नगरपालिका कार्यालय वा वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

मेलम्ची नगरपालिका कार्यालय,
मेलम्ची, सिन्धुपाल्चोक